बागलुङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागलुङ, गण्डकी प्रदेश, नेपाल

मिति : २०८२/११/२७

सुँगुर तथा बगुँर पालक कृषकहरुमा सचेतना अपनाउने सम्बन्धी सूचना ।

हाल छिमेकी जिल्ला पर्वतमा **अफ्रिकन स्वाईन फिभर रोगको** संक्रमण भई तपशिलका लक्षण देखाई वंगुरको मृत्यु भएको Rapid Kit Test परिक्षण गर्दा अफ्रिकन स्वाईन फिभर रोग पुष्टि भई सोही रोगको लक्षण देखाई पर्वतको दोविल्ला स्थानमा ५० वटा वंगुरको मृत्यु भएको श्री भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालय पर्वतबाट जानकारी प्राप्त भएकोले सुंगुर तथा वंगुर, पाठा/पाठी तथा मासु तथा मासु जन्य पदार्थ छिमेकी जिल्ला पर्वतबाट ओसारपसार गर्दा जोखिम बढ्ने भएकाले रोगको जोखिम न्यून भई सामान्य अवस्थामा नआएसम्म उक्त रोगको रोकथाम/नियन्त्रणको लागि ओसारपसार बन्द गर्ने, आवश्यक जैविक सुरक्षा अपनाउन, बंगुरको मृत्युबाट हुने क्षति रोक्न तथा यस्ता तपशिलका लक्षण देखा परेमा बागलुङ नगरपालिका पशु सेवा शाखालाई सम्पर्क गर्नुहुन बागलुङ नगरपालिका अर्न्तगत रहेका मासु व्यावसायी, वंगुर पालक कृषक र सम्बन्धीत सम्पुर्ण सरोकारवालाहरुमा यो सूचना जारी गरिन्छ ।

तपशिल

- बंगुरहरुमा उच्च (१०५-१०७ डिग्री फरेनाईट) ज्वरो आउने,
- एक ठाँउमा थुप्रीएर बस्ने ।
- शरिरमा राता,निला,(प्याजी रङका) धब्बा/डाबरहरु देखिने ।
- कानका टुप्पामा रगत जमेका धब्बाहरु देखिने ।
- नाकबाट फिंज निकाल्ने,दानापानी नखाने,वान्ता गर्ने ।
- एकै पटकमा धेरै(९५-१००%मृत्युदर)वंगुर मर्न सक्ने ।

नोटः

- यस रोग (Asfarviridae Family Genus Asfivirus) भाईरसबाट लाग्ने र यसको प्रभावकारी उपचार नभएकाले जैविक सुरक्षा(Biosecurity) अपनाउन अनुरोध छ ।
- यस रोगसंग मिल्ने लक्षण देखाई वंगुर विरामी भएमा पशु सेवा शाखालाई ९८५७६२२२३६ नंम्वरमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner